आज मिति २०८० साल कार्तिक २३ गते बिहीबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २२ (बाइसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा
२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा
३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा
४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ
५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ
६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी
७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की
८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ
९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.
१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा
११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ
१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा
१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय
१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ
१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा
१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ
१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान
१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ
१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ
२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार
२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)
२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

**छलफलका लागि पेश भएका विषयहरु:**

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. सडकहरुको नामाकरण तथा मापदण्ड पुनरावलोकन गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नगर विकास योजना कार्यान्वयन गर्ने सम्बन्धमा।

४. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन कार्य-प्रकृया सम्बन्धमा।

५. वडास्तरीय विद्यालय अनुगमन प्रतिवेदन सम्बन्धमा।

६. विविध।

**निर्णयार्थ पेश भएका विषयहरु:**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको विक्री निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा।

३. एकीकृत घुम्ती सेवा संचालन गर्ने सम्बन्धमा।

४. कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।

५. विविध।

**निर्णयहरु:**

**निर्णय नम्बर १:**

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०६/२२ को निर्णय अनुसार मिति २०८०/०६/२६ गते राष्ट्रिय दैनिकमा सूचना दिई "नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको विक्री निकासी शुल्क संकलन" सम्बन्धी बोलपत्र आव्हान गरिएकोमा प्रचलित कानुनको अधिनमा रही नियामानुसार वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि.को हकमा (बोलपत्र नम्बर NMUN/IR/2080/081-01) दर्ता हुन आएको बोलपत्र (श्री साङदेन कन्स्ट्रक्सन, बनेपा, काभ्रेपलाञ्चोक) खोल्दा माग भएका सम्पूर्ण कागजात र नियमानुसार सम्पूर्ण प्रकृया पुरा गरी दर्ता भएको श्री साङदेन कन्स्ट्रक्सन, बनेपा, काभ्रेपलाञ्चोकले कबोल अंक रकम रु. ७७,४०,५०१/१३ (अक्षेरुपी सतहत्तर लाख चालिस हजार पाँच सय एक रुपैया तेह्र पैसा) स्वीकृत गरी सो बोलपत्रदातासँग

प्रचलित कानुन बमोजिम सम्झौता, पट्टाको फारम, कबुलियतनामा, कार्यादेश लगायतका प्रकृया अगाडी बढाउने।

**निर्णय नम्बर ३:**

आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सन्दर्भमा नगरपालिकाबाट वडास्तरीय रुपमा योजना शाखाबाट विस्तृत कार्य योजना बनाई मंसिर मसान्तसम्म उपभोक्ता समिति गठन तथा अभिमुखीकरण, राजश्व संकलन सम्बन्धी, स्वास्थ्य सम्बन्धी, कृषि तथा पशु सेवा सम्बन्धी, लक्षित वर्ग सम्बन्धी लगायत नगरपालिकाबाट प्रदान गरिने अन्य सेवाहरुलाई लक्षित गरी एकीकृत घुम्ती सेवा संचालन गर्ने।

**निर्णय नम्बर ४:**

यस नगरपालिकामा विभिन्न मितिमा नियुक्ति भई विभिन्न पदहरुमा अस्थायी, करार एवं ज्यलादारीमा कर्मचारीहरु कार्यरत रहेका छन् ती कर्मचारी तत् सयमको आवश्यकता अनुसार खुल्ला विज्ञापन, खुल्ला कबोल एवं तोक आदेश वा टिप्पणीका आधारमा कामकाज गर्न राखिएको देखिन्छ। उक्त कर्मचारीहरु २०७४ सालमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा निर्धारण गरिएको दरबन्दी र नगरपालिकाको नगर सभाले स्वीकृत गरेको दरबन्दी अनुसार नभएको तथा प्राय सबै तत्कालको औचित्य एवं आवश्यकतामा राखिएको भएता पनि सबै दरबन्दी अनुसार नभएको प्रष्ट देखिन्छ। अझः स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कार्यालय सहयोगी, सवारी चालक, नगर प्रहरी, सरसफाईकर्मी, कुचिकार, माली नगरपालिकाको आवश्यकता अनुसार राख्न सकिने व्यवस्था भएता पनि हाल आएर यस क्षेत्रमा काम गर्ने जनशक्ति समेत नगरपालिकाको आर्थिक क्षमताले धान्न सक्ने भन्दा बढी नै भएको देखिन्छ। नगरपालिकाको आर्थिक श्रोत बर्षेनि घट्ने क्रममा रहेको हुँदा वर्तमान अवस्थामा कतिपय कर्मचारीहरु नगरपालिकाको आवश्यकता भित्र नपर्ने समेत देखिन्छ।

माथि उल्लेखित सन्दर्भमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७०/७/१६ गतेको २२ बुँदे सुझाव कार्यान्वयन गर्ने प्रेस विज्ञप्ति एवं त्यस आयोगबाट विभिन्न समयमा जारी परिपत्र, श्री राष्ट्रिय सतर्कता केन्द्रको प.सं २०८०/८१, च.नं.१४२०१८८१४६, मिति २०८०/५/२२ को पत्र तथा श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.सं २०८०/८१, च.नं १९३, मिति २०८०/०६/०७ को पत्रहरुको आशय अनुसार दरबन्दी भन्दा बढी एवं टिप्पणी आदेशका आधारमा नियुक्त कर्मचारीहरुलाई व्यवस्थापन गर्नु पर्ने देखिन्छ। साथै करारमा कर्मचारी नियुक्ति गर्दा आवश्यकता र औचित्य पुष्ट्याई बेगर तोक आदेशको भरमा सार्वजनिक कोष माथि अनावश्यक व्यवभार थप हुने गरी राख्न नहुने समेत निर्देशन दिएको पाइन्छ। अतः उल्लेखित निकायहरुको निर्देशन/सुझाव कार्यान्वय गरी नगरपालिकाको कर्मचारी

व्यवस्थापनको सन्दर्भमा सुशासन कायम गरी वृहत्तर सार्वजनिक जवाफदेहिता बहन गर्न करार/ज्यालादारीमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०७९ असार २६ गतेको नगर कार्यपालिका बैठकले नगर प्रमुखलाई अख्तियारी दिएको हुँदा सोही बमोजिम कर्मचारी व्यवस्थापन गरिएको निर्णयलाई अनुमोदन गर्ने।

नगरपालिकाको निर्णय अनुसार व्यवस्थापन भएका कर्मचारीको हकमा नगरपालिकाको निर्णयमा समर्थन गरी स्वैच्छिक रुपमा राजीनामा दिएमा तपशिल बमोजिमको सेवा सुविधा दिई बिदाई गर्ने।

<u>तपशिलः</u>

१. यस नगरपालिकामा पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवारत रहेको कर्मचारी व्यवस्थापन भएको हकमा सो कर्मचारीले खाईपाई आएको तलब बारबार २ महिनाको सेवा सुविधा उपलब्ध गराउने।

२. यस नगरपालिकामा पाँच वर्ष भन्दा कम अवधि सेवारत रहेको कर्मचारी व्यवस्थापन भएको हकमा सो कर्मचारीले खाईपाई आएको तलब बारबार १ महिनाको सेवा सुविधा उपलब्ध गराउने।